



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार १७ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 July 01 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०३

## ठोरीको सयौं घर डुबान, नयाँ बनेको हुलाकी सडक कटान

प्रस, ठोरी, १६ असार/

अविरल वर्षाको कारण ठोरीका सयौं घर डुबानमा परेका छन्। यसैगरी, खहरे खोलामा आएको बाढीले हुलाकी सडकको किनारमा कटान गरी क्षति पुर्‍याएको छ।



ओरिया खोलामा आएको बाढीले तटबन्ध भत्काएपछि कटान भएको हुलाकी सडक र वर्षाको पानीले डुबानमा परेको ठोरी गाउँपालिका। तस्वीरः प्रतीक

अविरल वर्षाको कारण ठोरीका अधिकांश ठाउँ अहिले डुबानमा परेका छन्। हुलाकी सडकबाट उत्तरतर्फ रहेका घरहरू डुबानमा परेको स्थानीयले बताएका छन्। ठोरी गापा–३ ब्रह्मनगर नयाँ बस्तीका सयौं घर डुबानमा परेका छन् । हुलाकी सडक बनेपछि सडक उचाइँमा भएको र बस्ती तल परेकाले वर्षामा डुबानमा परेको हो । सडकसँगै जोडिएको नालाबाट वर्षाको पानीको निकास हुन नसक्दा डुबानमा परेको ठोरी गापा–३ का अध्यक्ष सूर्यबहादुर लामाले बताए । सो क्षेत्रका घरहरू डुबानमा परेपछि मानिसहरू रातभरि सुत्न सकेका छैनन्।

घर जलमग्न भएका कारण अहिले यहाँको अवस्था कहालीलाग्दो छ। वर्षाको कारण बुद्धनगर र रामनगरमा खानेपानीको समस्या भएको छ। बाढीले खानेपानी मुहानको पाइप बगाएपछि पानीको समस्या भएको स्थानीय सुजन ढुङ्गेलले बताए । उनले खानेपानीको पाइपलाइन बगाएको र वैकल्पिक व्यवस्था नहुँदा गत वर्षको पीडा यस वर्ष पनि आइपरेको गुनासो गरे। ठोरी गापा–४ निर्मलबस्ती, आठघरे, मिलचोक, शान्तिटोल, सुन्दरटोल, विजयबस्ती, विशालचोक, टयाङ्ग्रेलाइनलगायतका घरहरू पनि डुबानमा परेका छन्।

सो ठाउँको पीडा पनि उस्तै छ। हुलाकी सडक बनेपछि बस्ती होचो भएको र वर्षाको पानीले डुबानमा परेको स्थानीयले बताएका छन्। डुबानले केही कच्ची घर भत्किएका छन् भने पक्की घरलाई पनि क्षति पुगेको छ । ठोरी गापा–४ मिलचोकका वीरबहादुर तामाङले मध्यरातबाट घर डुबानमा परेको बताए। ठोरीका धेरैजसो ठाउँका घरहरू डुबानमा परेको र मानिसहरू बिचल्लीमा छन्।

इप्रका ठोरीका प्रहरी निरीक्षक ब्रह्मदेव साहले डुबान क्षेत्रमा सुरक्षाकर्मीले सहयोग पुर्‍याइरहेको बताए । उनले डुबानग्रस्त क्षेत्रमा मानवीय क्षति नहोस् भनेर सुरक्षाकर्मी खट्दै आएको र अहिलेसम्म मानवीय क्षतिको घटना नभएको बताए।

**हुलाकी सडकमा क्षति**

लगातारको वर्षाले ओरिया खोलामा बाढी आएपछि वीरगंज–ठोरी हुलाकी सडकखण्ड अन्तर्गत पर्ने गोपी बस्तीनजीकको सडकखण्ड क्षतिग्रस्त भएको छ । बाढीले हुलाकी सडक जोगाउन गरिएको तटबन्ध भत्काएकोले सडकमा क्षति भएको हो। निरन्तर वर्षा भइरहेको र नरोकिएको खण्डमा नयाँ बनेको हुलाकी सडकलाई थप क्षति हुने आशङ्का गरिएको छ।

ओरिया खोलाको बाढीले वडा नं १, २, ३, ४ लाई बढी क्षति पुर्‍याएको छ र अहिले त्यहाँ सडक सम्पर्क विच्छेद भएको मालीबस्तीका किरण पाण्डेले बताए । ठोरी–३ मा पर्ने ओडार खोलामा रहेको पुलछेउको सडकलाई पनि बाढीले क्षति पुर्‍याएको छ। सो सडकखण्ड भासिएको छ र वर्षा नरोकिएको खण्डमा पुल भएर सवारीसाधन ओहोरदोहोर गर्न नसक्ने बुद्धनगरका सुजन ढुङ्गेलले बताए ।

(बाँकी अन्तिम पातामा)

## ५ महिलासहित १०५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १६ असार/

सखुवाप्रसौनी गाउँपालिकाको




तस्वीरः प्रतीक

आयोजनामा बुधवार सम्पन्न रक्तदान कार्यक्रममा पाँचजना महिलासहित १०५ जनाले रक्तदान गरेका छन्।

महुवनमा आयोजित रक्तदान कार्यक्रममा गापा अध्यक्ष प्रदीप जैसवालले रक्तदान गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए।

सो अवसरमा उनले गापामा रगत आवश्यक भएका बिरामीहरूलाई रक्तसञ्चार केन्द्र वीरगंजबाट निश्शुल्क रगत उपलब्ध गराउने बताए । उनले सो प्रयोजनको लागि रक्तसञ्चार केन्द्रलाई रु २ लाख उपलब्ध गराउने घोषणा गरे। २ लाख रकमबाट गापामा रगत आवश्यक भएका बिरामीहरूले निश्शुल्क रगत लिन पाउने उनले बताए।

रक्तदान कार्यक्रममा राम दिनेश, अशोक यादव, चन्दन साह, मीरादेवी कलवार, दिव्या कुमारी, बबिता जैसवाल, मुन्ना जैसवाल, नरेश साहलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख उदयराज शर्माले बताए।

यसअघि बहुदरमाई नपाले आफ्नो नपाका बिरामीहरूलाई निश्शुल्क रगत उपलब्ध गराउन रक्तसञ्चार केन्द्र वीरगंजलाई रु १ लाख सहयोग गरेको



प्रमुख शर्माले बताए।

केन्द्रमा रगत निश्शुल्क उपलब्ध गराइए पनि रगत जाँचका लागि प्रतिपिन्ट रु १ हजार ५० लाग्ने गरेको छ। दुईवटा पालिकाले आफ्नो पालिकाका रगत आवश्यक भएका बिरामीहरूको हकमा निश्शुल्क व्यवस्था गरेको हो।

## जीराभवानी गापा–१ पिपरा डुबानमा

प्रस, सेढवा, १६ असार/

जीराभवानी गाउँपालिका–१ पिपरा



बाढीले क्षतिग्रस्त फुस र खपडाको घर। तस्वीरः प्रतीक

बाढीले डुबानमा परेको छ। मङ्गलवार रातिदेखि परेको वर्षाका कारण लाटेगाडा खोलामा आएको बाढीले पिपराटोल डुबानमा परेको हो।

स्थानीय शङ्कर दास, किसन महतो, खिंचडी महतो, जङ्गाली राय, शिवशङ्कर दाससमेत डेढ दर्जन मानिसका घरमा बाढी पसेको छ। बाढी गाउँमा पसेपछि राजकुमार दास, ब्रह्मदेव दास, सनोज दास र महेन्द्र शर्माको घर पूर्णरूपमा क्षतिग्रस्त भएको छ । इलाका प्रहरी कार्यालय सेढवा, सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट महादेवपट्टीको टोलीले स्थानीय स्रोत, साधन जुटाएर ट्याक्टरबाट उनीहरूलाई सुरक्षित स्थानमा सारेको छ।

गापाले तत्कालका लागि भुजा, चिउरा, चाउचाउ, बिस्कुट वितरण

## मलामी गएका बालकलाई खोलाले बगायो

प्रस, पोखरिया, १६ असार/

पोखरिया नगरपालिका–९ का १५ वर्षीय राजुमहतो तत्वा हिजोदेखि खोलाले बगाएर बेपत्ता छन्।

टोलका मानिस मरेको मलामी गएका तत्वा भूताहा खोलामा नुहाउने क्रममा मङ्गलवार दिउँसो १२ बजे बेपत्ता भएका थिए। उनको खोजी भइरहेको छ। प्रहरी, सेना, सशस्त्रको टोलीले खोजी जारी राखे पनि तत्वा फेला परेका छैनन्।

## विद्यालय खोल्ने विषय अन्योलमा

प्रस, पोखरिया, १६ असार/

पर्सा जिल्लाका विद्यालयहरू खुल्ने विषय अहिले पनि अन्योलमा छ। वीरगंज महानगरपालिकाले असार १ गतेदेखि



जीराभवानी गापा–२ स्थित सेढवा मावि। तस्वीरः फाइल

विद्यालय खोल्ने र ७ गतेदेखि अध्यापन शुरू गर्ने तयारी गरे पनि जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रले निर्णय नगर्दा अन्योलमा परेको छ।

केन्द्रले मन्त्रिपरिषद्को निर्णयबाट विद्यालय बन्द भएको र सोही निर्णयबाट खुल्ने बताएपछि नगरप्रमुख विजयकुमार सरावगीले विद्यालय खोल्ने तयारी गरे पनि सफल हुन सकेको छैन। महानगरले प्रावि माथिका विद्यार्थीहरूलाई अध्यापन गराउने तयारी गरेको थियो। महानगरमा विद्यालय सञ्चालन हुन नसकेका कारण अहिले पर्सा जिल्लाका अन्य पालिकाले पनि विद्यालय सञ्चालनमा ल्याउन सकेका छैनन्। वीरगंज महानगरमा पाँच विद्यार्थी सङ्गठनले पनि विद्यालय सञ्चालनमा ल्याउनुपर्ने अघोषित माग गरेका छन्। उनीहरूले मासिक शुल्क वृद्धि नगर्न र भर्ना शुल्क नलिन तथा विद्यालयको अनुगमनमा पाँच विद्यार्थी सङ्गठनको सहभागिता हुनुपर्ने विषय अगाडि सारेकाले उनीहरूको नियत पनि विद्यालय खोल्नुपर्ने देखिएको छ।

पोखरिया नगरपालिकाका प्रमुख दीपनारायण रौनियारले विद्यालय सञ्चालनसम्बन्धी कुनै तयारी नभएको बताए। उनले मन्त्रिपरिषद्को निर्णयबाट विद्यालय बन्द गरिएको हुँदा सञ्चालनमा ल्याउन नसकिएको बताए।

कालिकामाई गापाका निमित्त गापा प्रमुख राजेश चौरसियाले पनि विद्यालय सञ्चालनको कुनै चाजोपाजो नगरिएको बताए।

शिक्षा पत्रकार अनन्तकुमारलाल दासले विद्यालय बन्द हुँदा विद्यार्थीहरूको पठनपाठनमा समस्या भएको बताए। उनले सिकेका कुरा पनि बिर्सिने अवस्था सिर्जना भइसकेको भन्दै स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरी विद्यालय सञ्चालन गर्नुपर्ने बताए। दोस्रो भेरियन्टको कोरोना कहिले आउने भन्ने यकीन नभएको अवस्थामा विद्यालयलाई बन्द राख्नु उचित नहुने उनको भनाइ थियो।

सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गर्न समस्या भएपनि निजी विद्यालयहरूले धान्न सक्ने भएकाले विद्यालय सञ्चालनमा सम्बन्धित पालिकाले पहल गर्नुपर्ने उनको भनाइ छ। सामुदायिक विद्यालयमा विद्यालय

(बाँकी अन्तिम पातामा)

कोभिड–१९ रोग जो कसैलाई पनि हुन सक्दछ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## वीरगंजमा पहिलोपटक विधुरहरू सम्मानित

प्रस, वीरगंज, १६ असार/

वीरगंज महानगरपालिका–८ वडा कार्यालयले बुधवार वडाका १८ जना एकल पुरुष (विधुर)लाई सम्मान गरेको छ । वीरगंज महानगरमा पहिलोपटक एकल पुरुषलाई सम्मान गरिएकोमा कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख विजयकुमार सरावगीले खुशी व्यक्त गरे।

उनले वडाका एकल पुरुषलाई सम्मान गरेर वडापालिकाले उदाहरणीय काम गरेको भन्दै यसलाई महानगरपालिकाका अन्य वडामा पनि निरन्तरता दिइने प्रतिबद्धता जाहेर गरे।




तस्वीरः सौजन्य

वडाध्यक्ष राजकिशोर गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा सम्मानित हुने एकल पुरुष मदनप्रसाद गुप्ताले नौलो अनुभूति भएको प्रतिक्रिया दिए। उनले अहिलेसम्म समाजमा एकल

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**फूलको बास्ना हावा उडेको दिशामा मात्र जान्छ। तर सद्गुणको बास्ना कुनै सहाराविना चारैतिर फैलन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# अनियमितताको बाढी

**देशमा अनियमितताको बाढी नै आएको छ। प्राकृतिक बाढी मनसून शुरू भएपछि वा बेमौसम बढी वर्षा परेको छ भने आउँछ, तर अनियमितताको बाढी ६ ऋतु, बान्ह महीना–सबै मौसममा आउँछ। अहिले स्थानीय सरकारहरूको राइँदाइँ छ, अधिकार छ, बजेट छ। सडक नाला बनाउँछन्, अनियमितताको हुल आउँछ। स्थानीय सरकार गठन भएपछि मात्र होइन, पहिले पनि यो बाढी आउँथ्यो। अहिले सङ्घीय सरकारले निर्माण गराओस्, प्रदेश सरकारले वा स्थानीय सरकारले, बाढी आएकै हुन्छ। कुनै पनि तहको सरकार किन नहोस्, सेवाग्राहीले कुनै सेवा लिन पुग्यो भने यति केरकार झेल्नुपर्छ कि यस देशमा अनियमितता हुनै सक्दैनजस्तो लाग्छ। तर नियमसङ्गत कुनै काम कुनै तहमा हुँदैन। मङ्गलवार देशले ‘धान दिवस’ मनायो। श्रव्य, दृश्य, लेखन सञ्चार माध्यमहरूले यति समाचार लेखे मानौं देशमा धानको अभाव हुनै सक्दैन। विज्ञहरूले उत्पादन वृद्धिको प्रतिशत पनि बताइदिए। तर आन्तरिक कुरा–किसानले मल पाएन। जग्गालाई कृत्रिम मल र विषादिको अभ्यस्त बनाइसकेपछि मल पाइएन भने कसरी उत्पादन वृद्धि हुन्छ, ती विज्ञसँग कसैले सोध्दैन।**

**यद्यपि मल चाहिने मौसम बितिसकेपछि प्रत्येक वर्ष सम्बन्धित निकाय फलाक्न थाल्छ, यसपालि मलको अभाव हुँदैन। कहाँ, कुन बेला र कसरी अनियमितता प्रवेश गर्छ र चाहिने बेला जहिले पनि मलको अभाव भइ नै हाल्छ। यो न खाने कुरा हो न सङ्ग्रह गर्ने कुरा, तर पनि जतिसुकै अभाव नहुने दाबीका बावजूद बेलामा मल पाइँदैन। दृश्य समाचार सम्प्रेषण गर्ने सञ्चार माध्यमहरूले त निराश किसानको अभिव्यक्ति पनि प्रसारण गरेका छन्–जसमा उनीहरूले मल नपाएको गुनासो गरेका छन्। यसै अनियमितताले गर्दा ट्रान्सपेरेन्सी इन्टरनेशनलले प्रत्येक वर्ष आफ्नो प्रतिवेदनमा नेपाललाई अति भ्रष्टाचार हुने मुलुकको रूपमा प्रस्तुत गर्दछ। तर आत्मकेन्द्रित राजनीतिको आहालमा रमाउनु नै पुरुषार्थ ठान्ने जनप्रतिनिधि र शासकहरूलाई यस बदनामीले छुन पनि सक्दैन। अनि कसरी अनियमिततामा रोक लाग्न सक्छ ? भएको काममा अनियमितता हुनुलाई, एक छिनका लागि मानवीय कमजोरी ठान्ने हो भने पनि, कामै नभएको ठाउँमा पनि अनियमितता हुनु चरम भ्रष्टाचारको उदाहरण मान्न सकिन्छ। भवन कुनै व्यक्तिले बनाइदिएको हुन्छ, तर सरकारी पैसा खर्च भएको भनेर बिलभर्पाई प्रस्तुत हुने गरेको कैयन घटना यहाँ भएका छन्।**

**यस्तो अनियमितताको पछाडि अनियमित राजनीति नै जिम्मेदार छ। राजनीतिका नायकहरू वास्तवमा खलनायक चरित्रका व्यक्ति हुन्। खलनायकलाई अरूको चिन्ता त हुँदैन हुँदैन, आफ्नै आङमा छारो उडेको पनि देखिँदैन। सडक, नाला, मल त उदाहरण मात्र हो। देश चलाउने नियमावलीहरू नै भ्रष्टाचार गर्नका लागि उपयुक्त हुनेगरी बनाइएका छन्। देशमा जति तहको निगरानी एजेन्सी छ, भ्रष्टाचारको आयतन त्यति नै मात्रामा बढिरहेको छ। त्यसैले गर्दा सरकारले जनतालाई कोरोना खोप उपलब्ध गराउन सकेन। त्यसैले गर्दा अपार जलविद्युत् क्षमता भएर पनि विदेशबाट विद्युत् किन्नुपरेको छ। धान निर्यात गर्ने क्षमता भएर पनि आयात नगरी देशको आवश्यकता पूरा हुन सकिरहेको छैन। जो पदमा बसेको छ, ऊसँग हुने कुराको पनि तर्क छ, नहुँदा किन भएन भन्ने तर्क पनि छ। कुनै दिन रासायनिक मलले जग्गा बिगार्ने हुँदा मलको पर्याप्त आयात नगरेको भन्ने तर्क पनि नआउला भन्न सकिन्न। कुनै न कुनै खलनायकको दिमागमा त यो तर्क फुर्ला !**

# स्थानीय सरकारमा किचलो : समाधान के ?

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कतिपय अवस्थामा उपप्रमुखले प्रमुखभन्दा पनि बढी मतदाताको विश्वास आर्जन गरेका हुन्छन् तर कार्यपालिका संरचनामा आउँदा खास केही गर्न सक्ने अवस्था देखेर भित्रभित्रै मुर्मरिन बाध्य हुन्छन्। अहिले धेरै पालिकाका उपप्रमुखहरूको असन्तुष्टि यहींनेर देखिएको छ।**

स्थानीय सरकारका प्रमुखहरूको सधैं भनाइ हुन्छ–हाकिमले भनेजस्तो काम गरिदिएन। अधिकांश स्थानीय सरकारमा सरकार प्रमुख र प्रमुख प्रशासकबीच विवाद देखिएको छ। यस प्रकारले पालिकाको निर्वाचित सरकार प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच विवाद भइरहनु तथा पालिकामा बहुमत र अल्पमतको खेल भइरहनुले विकास निर्माणका कतिपय काम प्रभावित भइरहेको देखिन्छ भने प्राविधिक तथा प्रशासनिक समस्या पनि आइरहेको देखिन्छ। शक्तिशाली स्थानीय सरकारको यो पहिलो अभ्यास भएकोले निर्वाचित जनप्रतिनिधि तथा नागरिक अभ्यस्त हुन सकेका छैनन् भने पालिकाको आन्तरिक प्रशासन पनि अभ्यस्त हुन सकेकोले केही हदसम्म पालिका प्रमुख र प्रशासन प्रमुखबीच मनमुटाव वा टकरावको अवस्था रहेको पाइन्छ। अन्य प्रदेशमा अवस्था के कस्तो छ, खासै थाहा भएन तर प्रदेश २ मा भने धेरै पालिकामा यस्तै समस्या छ।

मौलापुर नगरपालिका, रौतहटको नगरसभा चलिरहँदा बाहिर झडप भयो र कैयौ राउन्ड गोली चल्यो। सोही दिन ईशनाथ नगरपालिकाको नगरसभा चलिरहँदा महिलाहरूले झाडू जुलूस निकाले। वृन्दावन नगरपालिकाको नगरसभा चलिरहँदा पनि महिलाहरूले प्रदर्शन गरिरहे, विरोध तीन दिनसम्म चलिरह्यो र माग पूरा नगरेसम्म वार्तामा नबस्ने अडानले अन्ततः झडप भयो र प्रहरीको हस्तक्षेप भयो, अश्रुसेल प्रहार भयो। धेरै पालिकामा प्रमुख र उपप्रमुखबीच सहमति नभएको कारण नगरसभा हुनै सकेको छैन। कतै पालिका प्रमुख र प्रशासन प्रमुखबीच मटमुटाव छ, कतै प्रमुखलाई थाहै नदिएर बजेट अधिवेशन गर्ने प्रयास गरियो। पालिका प्रमुखलाई नबोलाउने र उपप्रमुख तथा प्रशासन प्रमुखले बजेट अधिवेशन गर्ने प्रयास पनि भएको सुनिएको छ।

यस्तो हुनुको कारणबारे गहिरिएर अनुसन्धान हुनु आवश्यक छ। पालिकामा निर्वाचित जनप्रतिनिधिहरूमध्ये कुनै एक दलको बहुमत हुँदा पनि सुख छैन र विभिन्न दलका प्रतिनिधि रहेको पालिकाको पनि काम चलेकै छ। यदि सिद्धान्तलाई विचार गर्ने हो भने कुनै पनि पालिकाको परिषद् वा सभा भन्नु वा अधिवेशन भन्नु प्रदेशसभा वा सङ्घीय संसद्को सभा वा अधिवेशन हुनुजस्तै हो। प्रदेशसभामा म सहभागी हुनुपर्छ, प्रतिनिधिसभामा म बस्न पाउनुपर्छ, राष्ट्रियसभामा मलाई राख्नुपर्छ भन्ने आवाज उठेको पाइँदैन, वा यसरी कसैले भन्छ भने सजिलै बताइदिन सकिन्छ कि यस सभामा बस्न निर्वाचित हुनुपर्छ। तर पालिकासभामा प्रवेशको लागि हङ्गामा हुन्छ। पालिकासभामा बस्न पाउनुपर्छ, परिषद्मा मेरो पनि अधिकार छ, अधिवेशन मैले भनेकै जस्तो हुनुपर्छ भन्ने किसिमका आवाजहरू उठाउने, आफ्नो पक्षका मानिस भेला गराएर परिषद्, सभा वा अधिवेशन गर्न नदिने परम्परा लोकतान्त्रिक भन्न मिल्दैन।

एउटा अर्को पनि महत्त्वपूर्ण सवाल छ पालिकाको सन्दर्भमा। पालिकाका सभाका सदस्य, वडाध्यक्ष, उपप्रमुख र प्रमुख प्रत्यक्ष निर्वाचित जनप्रतिनिधि हुन्। प्रदेशसभा र सङ्घीय प्रतिनिधिसभाभन्दा यही सन्दर्भमा पालिकासभा विशिष्ट छ। प्रदेशसभा तथा प्रतिनिधिसभाले कार्यपालिका प्रमुखको निर्वाचन गर्दछ अर्थात् प्रदेशसभाले कुनै पार्टीको संसदीय दलको नेतालाई बहुमत पुऱ्याएर मुख्यमन्त्री तथा प्रतिनिधिसभाले यसैगरी प्रधानमन्त्रीको निर्वाचन गर्दछ, तर पालिकाका प्रमुख तथा उपप्रमुख जनताबाट सोझै निर्वाचित हुन्छन्। यसकारण स्थानीय तहमा जननिर्वाचित सरकार प्रमुखको प्रणाली रहेको छ। यस प्रणालीले जननिर्वाचित सरकार प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरू सर्वेसर्वा हुनुपर्ने तर फरक कहाँ पर्न जान्छ भने जननिर्वाचित सरकार प्रमुखले आफ्नो सभामा बहुमत जुटाउन निरन्तर प्रयत्न गरिरहनुपर्छ। प्रत्यक्ष निर्वाचित सरकार जनताप्रति, अर्थात् जसले प्रत्यक्ष निर्वाचित गरेको हो, ऊप्रति जवाफदेह हुनुपर्नेमा कार्यपालिका तथा परिषद्मा आफ्नो पक्षमा बहुमत जुटाउन प्रयत्नशील हुनुपर्दछ, अर्थात् कार्यपालिका तथा परिषद्प्रति जवाफदेह हुनुपर्छ। सामान्यतया कार्यपालिका प्रमुख भन्नु सरकार प्रमुख हुनु हो र सरकार प्रमुखले कार्यपालिका अर्थात् सरकारका सदस्य वा मन्त्रिपरिषद्का सदस्यहरूलाई आफूप्रति जवाफदेह बनाइराख्नुपर्छ र मन्त्रीहरू स्वतः प्रधानमन्त्रीलाई सहयोग गर्ने मान्यतामा हुन्छ। तर पालिकामा यो अभ्यास लागू हुन सकेन वा यस सिद्धान्तलाई पालिकाको संयन्त्रमा रहेका राजनीतिक दल तथा कार्यपालिका सदस्य वा सभासद्हरूले बुझ्न सकेनन्। बुझ्न सकेनन् भन्दा पनि बहुमत र अल्पमतको साधन बनेर कता ढल्कँदा फाइदा हुन्छ भन्ने देखेर लोकतन्त्रको आफू अनुकूल व्याख्या गर्छन्। प्रत्यक्ष निर्वाचित सरकार प्रमुख कार्यपालिकालाई फकाउन वा कार्यपालिकामा आफ्नो बहुमत कायम राख्न बहुमत कार्यपालिका सदस्यलाई बजेट दिन्छन् र त्यसको कार्यान्वयन भएको वा नभएको खोजीनीति पनि गर्न पाउँदैनन्। काम नभए पनि आँखा चिम्लनु पर्छ। पालिका सरकारको प्रशासनिक प्रमुखले बहुमत घटाउन वा बढाउन यहींनेर चलखेल गर्ने अवसर पाउँछन्। जबकि सिद्धान्तले भन्दछ– प्रशासनिक प्रमुख भनेको पालिकाको मुख्य सचिव हो र सरकार प्रमुखको सहयोगी। अहिले सर्वसाधारणले बजेटको तुलनामा अपेक्षित विकास भएन भनेर जसरी भनिरहेका छन्, यस परिस्थितिले पनि धेरै हदसम्म काम गरेको हो भन्ने बुझ्न ढिलो गर्नुहुँदैन। यस्तो समस्या कसरी समाधान गर्न सकिन्छ भनेर स्थानीय सरकारका विज्ञहरू जुट्न जरूरी छ।

पालिका सरकारको गठनमा दलीय संरचनाको सहभागिता हुन्छ, अर्थात् उम्मेदवारहरू दलको प्रतिनिधिको रूपमा उम्मेदवार हुन्छन्। स्वतन्त्र उम्मेदवार पनि बन्न सक्छन् तर अधिकांश ठाउँमा दलकै उम्मेदवारले बाजी मार्ने गर्दछन् किनभने दलको संरचना तलदेखि माथिसम्म हुन्छ। दलको उम्मेदवारलाई माथिदेखि नै ठूला नेताको संरक्षण तथा समर्थन प्राप्त हुन्छ। स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधिहरू फरक दलका पनि हुन सक्छन् वा एकै दलका पनि हुन सक्छन्। वडाध्यक्ष स्वतः कार्यपालिका सदस्य हुने भएकाले थप केही कार्यपालिका सदस्यको निर्वाचन गर्नुपर्ने हुन्छ। कार्यपालिकामा पनि समानुपातिक समावेशिताको सिद्धान्त अवलम्बन गरिएको छ। यसले गर्दा समान वडा हुँदाहुँदै पनि कार्यपालिकाको सदस्यको सङ्ख्या कमबेस हुन सक्छ।

सामान्यतया सरकार प्रमुखले आफूलाई अनुकूल हुने उपप्रमुख चयन गर्छ तर स्थानीय सरकारको प्रमुख र उपप्रमुख दुवै प्रत्यक्ष जननिर्वाचित हुन्छन्। त्यसैले प्रमुखलाई उपप्रमुखले सहयोग गर्नुपर्ने मान्यता रहे पनि उपप्रमुख स्वयं जननिर्वाचित वा प्रमुखजस्तै प्रत्यक्ष निर्वाचित हुँदा प्रमुखको अनुपस्थितिमा मात्र पालिकाको कामकाज सम्हाल्न पाउँछन्। होइन भने, सामान्यतया बजेट अधिवेशनको समयमा उपप्रमुखले एक दुई उपसमितिको प्रमुखको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। उपप्रमुखले उक्त भूमिका निर्वाह नगर्दा उक्त उपसमितिका बहुमत सदस्यले कायम गरेको निर्णयको आधारमा प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिश गर्ने र प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा सोही बेहोराको विवरण पेश गरेपछि कार्यपालिकाले पास गरी सोझै बजेट अधिवेशनमा लैजाने गरिन्छ। यसरी कानून छलेको हो वा बहुमतले जे पनि गर्न सक्छ भन्ने दृष्टिकोणको उपज हो, अझै स्पष्ट हुन बाँकी छ। सम्भवतः यही अस्पष्टतामा टेकेर विभिन्न पालिकामा बहुमतको खेल तथा बहुमतले निर्णय गरेर प्रमुखलाई असहयोग गर्ने, उपप्रमुखलाई एक्ल्याउने, प्रमुख प्रशासकीय अधिकृतलाई काम गर्ने वातावरण हुन नदिने जस्ता किचला स्थानीय तहमा देखिने गरेका छन्।

प्रत्यक्ष निर्वाचित उपप्रमुख आफैं गरिमामय पद हो तर अहिलेको अवस्थामा तोकेर कार्यकारी अधिकार निकै कम दिएको देखिन्छ। कतिपय अवस्थामा उपप्रमुखले प्रमुखभन्दा पनि बढी मतदाताको विश्वास आर्जन गरेका हुन्छन् तर कार्यपालिका संरचनामा आउँदा खास केही गर्न सक्ने अवस्था नभएको बुझेर भित्रभित्रै मुर्मरिन बाध्य हुन्छन्। अहिले धेरै पालिकाका उपप्रमुखहरूको असन्तुष्टि यहींनेर देखिएको छ। एकजना बुद्धिजीवीले यसलाई लोकतान्त्रिक विधिले हल गर्न सकिने बताउँदै के सुझाव दिन्छन् भने जब फरक लिङ्गको प्रमुख र उपप्रमुखको व्यवस्था स्थानीय सरकारको हकमा छ प्रमुखको निर्वाचन मात्र गरेर प्रमुखमध्ये नियमानुसार फरक लिङ्ग वा समुदाय वा पार्टीका सबैभन्दा बढी मत ल्याउने स्वतः प्रमुख र दोस्रो स्थानमा आउने स्वतः उपप्रमुख हुने व्यवस्था हुँदा अलिक सजिलो हुन्थ्यो। अथवा प्रमुखको निर्वाचन प्रत्यक्ष र उपप्रमुखको प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिबाट कसैलाई बनाउने व्यवस्था गर्दा अहिलेको जस्तो किचलो उत्पन्न हुँदैनथ्यो कि ?

# ‘महामारी अन्त्य हुन समय लाग्छ, सबैलाई खोप सुनिश्चित गर्न विश्वव्यापी पहल आवश्यक’

काठमाडौं, १६ असार/रासस

“रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी)का महासचिवमा अब ‘कुशल, अतियोग्य, क्षमतावान् तथा नयाँ गतिशीलता प्रदान गर्ने’ जगन्नाथ चापागाईंले नेतृत्व सम्हाल्नेछन्।”

आपत्कालीन मानवीय सेवामा तल्लीन सर्वोच्च परोपकारी संस्थाका रूपमा परिचित आइएफआरसीका तत्कालीन महासचिव सईले ३१ जनवरी २०२० मा जेनेभामा आयोजित पद हस्तान्तरण कार्यक्रममा आफ्ना उत्तराधिकारीलाई यसरी परिचित गराएका थिए। उनले व्यक्त गरेका यी शब्द विश्वका १९२ देश सदस्य रहेको आइएफआरसीको सर्वोच्च पद हाँक्ने प्रथम नेपाली महासचिव चापागाईंले छोटो अवधिमा मानवीय क्षेत्रमा नवीनतम कार्य सम्पादन गरी विश्वसामु आफ्नो विद्वता परिचित गराएका छन्। आइएफआरसीको ३ डिसेम्बर २०१९ मा बसेको विशेष गभर्निङ बोर्ड बैठकले एशियाबाटै पहिलोपटक उनलाई बहुमतद्वारा सो पदमा निर्वाचित गरेको थियो। बोर्डमा विश्वका शक्तिशाली २९ देश छन्।

विगत २५ वर्षदेखि रेडक्रस अभियानमा निरन्तर क्रियाशील ५२ वर्षीय तत्कालीन उपमहासचिव चापागाईंले १ फरवरी २०२० देखि आइएफआरसीको महासचिवको जिम्मेवारी सम्हालेका थिए। उनले पदभार सम्हाल्दै गर्दा चीनमा कोभिड–१९ को सङ्क्रमण वृद्धि भइरहेको थियो भने सङ्क्रमणले अन्य देशमा बिस्तारै ‘महामारी’को रूप लिंदै थियो। उनले रासससँग भने–“कोभिड–१९ को सङ्क्रमणको शुरूआती दिनमा मैले विशेष गरी सङ्कटासन्न समुदायलाई सङ्क्रमणबाट जोगाउन, उपचार तथा जीवनरक्षामा ध्यान केन्द्रित गरें। यसका लागि आवश्यक जनस्वास्थ्यका मापदण्ड पालना तथा आवश्यक स्वास्थ्य सामग्री सहयोगका कार्यक्रम सञ्चालन भयो। यो अहिले पनि जारी छ। खोपको सफल परीक्षण पछि सबैलाई खोपको सुनिश्चितता गर्न पहल जारी छ। हाम्रा संयन्त्र यसैमा बढी परिचालित छन्।”

आइएफआरसीले आफ्नो कार्यादेश अनुसार जलवायु परिवर्तनले निम्त्याएका र प्राकृतिक तथा मानव सिर्जित विपद् न्यूनीकरण तथा पीडितलाई महामारीबीच पनि सहयोग निरन्तर जारी राखेको छ। करीब १८ महीनाको अवधिमा नै उनले मानवीय सेवाका क्षेत्रमा पुऱ्याएको कामले आइएफआरसीका सदस्य देशमा प्रशंसा कमाएको छ।

विश्वका धनी तथा शक्तिशाली देशको सङ्गठन ‘जी सेभन’ को हालै सम्पन्न बैठक पनि खोपमा नै केन्द्रित थियो। बैठकमा सहभागी शीर्ष राजनेताले महासचिव चापागाईंको मानवीय सेवालाई खुलेर प्रशंसा गरेको समाचार सार्वजनिक भएका थिए। सो बैठक आयोजना हुनु पहिलेदेखि आइएफआरसीले ‘कोभ्याक्स’ अन्तर्गत विकासोन्मुख तथा गरीब देशहरूलाई खोप सहयोग गर्न निरन्तर पैरवी गर्दै आएको थियो। महासचिव चापागाईंले भने–“जी सेभेनले गरीब देशलाई खोप सहयोग गर्ने प्रतिबद्धता जनाउँदा असाध्यै खुशी लागेको छ। अब यसको न्यायोचित वितरण हुनुपर्छ।” सन् २०२२ सम्म जी सेभेनले लगभग बिलियन डोज खोप प्रदान गर्ने प्रतिबद्धता जनाएको बताइएको छ।

एक अध्ययनका अनुसार सो प्रतिबद्धता आवश्यकताभन्दा दश प्रतिशत कम हो। विश्वका सबैभन्दा गरीब ५० देशले दुई प्रतिशत मात्र खोप पाएका छन्। यी देशमा विश्वका १७ प्रतिशत जनसङ्ख्या बसोवास गर्दछ। रोग प्रतिरोधात्मक क्षमताका लागि देशभित्र र अन्तर्राष्ट्रियस्तरमा ६० देखि ७० प्रतिशत मानिसलाई खोप लगाउनुपर्छ। उनले भने–“कोरोनाविरुद्ध खोप समाजका सबै वर्ग र क्षेत्रमा पुग्नुपर्दछ। सुविधा सम्पन्न वर्ग र क्षेत्रमा मात्र सीमित हुनुहुन्न। निश्चित क्षेत्रका जनसङ्ख्याले खोप पाएन भने महामारी निरन्तर जारी रहन्छ। खोप समानताका साथै यसलाई व्यवस्थित गर्न आवश्यक छ। हामी

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा थप ४६ हजार सङ्क्रमित, ८१७ को मृत्यु

नयाँ दिल्ली, १६ असार/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ४६ हजार मानिस सङ्क्रमित भएका छन् ।

मङ्गलवार सार्वजनिक गरिएको तथ्याङ्कमा १०२ दिनपछिकै सबैभन्दा कम सङ्क्रमित भएको देखिएको थियो । भारतमा लामो समयदेखि दैनिक ४० हजारभन्दा बढी सङ्क्रमित थपिँदै आएका छन् ।


तस्वीर: एजेन्सी

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा थप ४५ हजार ९५१ जना सङ्क्रमित भएका हुन् । अघिल्लो दिनको तुलनामा बुधवार सार्वजनिक गरिएको तथ्याङ्कमा केही बढी देखिएको सरकारी अधिकारीहरूले जनाएका छन् ।

अघिल्लो दिन ३७ हजार ५६६ जना नयाँ सङ्क्रमित थपिएको विवरण सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सार्वजनिक गरेको थियो ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ६० हजार ७२९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् ।

थपिएका सङ्क्रमितहरूको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या बढी भएकाले सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या पनि कम हुँदै गएको छ । अहिले सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या पाँच लाख ३७ हजार ६४ रहेको छ ।

पछिल्लो एक दिनमा भारतमा कोरोनाकै कारण ८१७ जनाको मृत्यु भएको मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ ।

भारतमा अहिलेसम्म कुल तीन करोड तीन लाख ६२ हजार ८४८ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । तीमध्ये दुई करोड ९४ लाख २७ हजार ३३० जना सङ्क्रमणमुक्त भइसकेका छन् ।

त्यसैगरी, भारतमा कोरोना भाइरसका कारण अहिलेसम्म कुल मृतकको सङ्ख्या तीन लाख ९८ हजार ४५४ पुगेको मन्त्रालयले जनाएको छ । रासस

## च्यापिएकामध्ये १२ जनाको मृत्यु, १४९ जना अझै बेपत्ता

फ्लोरिडा, १६ असार/एएनआई

संयुक्त राज्य अमेरिकाको फ्लोरिडामा भत्किएको एउटा भवनमा मृत्यु हुनेको सङ्ख्या १२ जना पुगेको छ ।

मेयर काभाले पछिल्लोपटक मङ्गलवार साँझ दिएको वक्तव्यमा बेपत्ता हुनेको सङ्ख्या अझै यकीनका साथ बताउन कठिन भइरहेको जानकारी दिए ।


फ्लोरिडामा भत्किएको भवनमा बचाउ कार्य गर्दै उद्धारकर्मी । तस्वीर: एएफपी

मियामी-डेड काउन्टीका मेयर डानिएला लिभाइन काभाका अनुसार भवनको भग्नावशेषमा पुरिएर अझै १४९ जना बेपत्ता छन् र उनीहरूको खोजी कार्य जारी छ ।

उद्धारकर्ताहरूले थप मानिसको खोजीका लागि दिनरात खोजी कार्य जारी राखेका छन् तर वर्षा र भग्नावशेषका कारण खोजी कार्य कठिन भएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले सर्फसाइडमा भएको उक्त दुर्घटनास्थलको बिहीवार निरीक्षण गर्ने भएका छन् ।

गत बिहीवार मियामी समुद्र किनारामा रहेको एउटा ठूलो भवन एक्कासि भत्किएको थियो । भवन भत्किनुको कारण अझै स्पष्ट भइसकेको छैन । तर सन् २०१८ मा दिइएको प्रतिवेदनले भवनको संरचनामा कमजोरी रहेको देखाएको छ । रासस

## इजरायलका विदेशमन्त्री युएईको भ्रमणमा

अबुधाबी, १६ असार/सिन्ह्वा

इजरायलका विदेशमन्त्री याइर लापिड औपचारिक भ्रमणका लागि



अहिले संयुक्त अरब इमिरेट्स (युएई) मा आएका छन् ।

खाडी मुलुक युएईमा इजरायलको तर्फबाट भएको यो पहिलो उच्चस्तरको भ्रमण भएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

इजरायली विदेशमन्त्री लापिड मङ्गलवार युएई आइपुगेका हुन् । उनको भ्रमण टोलीमा विदेश मन्त्रालयका महानिर्देशक एलोन उश्पीजसहितका सरकारी उच्च अधिकारीहरू छन् ।

दुई दिने औपचारिक भ्रमणका क्रममा उनले उच्चस्तरीय भेटवार्ता पनि गर्ने विदेश मन्त्रालयले जानकारी दिएको छ ।

भ्रमणका क्रममा उनले युएईको राजधानी अबुधाबीमा स्थापना हुने इजरायली दूतावासको भवनको उद्घाटनसमेत गर्ने भएका छन् । दुतावाससँगै दुबईको कन्सुलेटसमेत शुरुआत गरिने भएको छ ।

यस अडिट पार्टीका नेतासमेत रहेका विदेशमन्त्री लापिड हालको इजरायली गठबन्धनको सरकार बनाउने प्रमुख व्यक्तिसमेत हुन् । इजरायल र युएईले सन् २०२० को सेप्टेम्बरमा अमेरिकी मध्यस्थतामा सम्बन्ध सामान्यीकरण सम्झौतामा हस्ताक्षर गरेका थिए । रासस


वर्गीकृत विज्ञापन





## लालबन्दीको तरकारीलाई निषेधाज्ञाको असर परेन

प्रस, सर्लाही, १६ असार/

पछिल्लो निषेधाज्ञा अवधिमा जिल्लाको लालबन्दीबाट साढे १९ करोड रुपैयाँभन्दा बढीको तरकारी निकासी भएको छ । वैशाख र जेठमा मात्र १९ करोड ६८ लाख ८८ हजार रुपैयाँको तरकारी निकासी भएको हो ।

कृषि बजार व्यवस्थापन समिति लालबन्दीको तथ्याङ्क अनुसार वैशाख महीनामा १० करोड ५२ लाख ७२ हजार रुपैयाँको तरकारी निकासी भएको छ भने जेठमा ९ करोड १६ लाख १६ हजार रुपैयाँको तरकारी निकासी भएको छ । गत वर्षको निषेधाज्ञामा तरकारी बाहिर पठाउँदा ठाउँठाउँमा अवरोध भएको थियो । तर यस वर्ष कृषि उत्पादन तथा तरकारीको लागि कहींकतै अवरोध नभएकाले निकासी राम्रो भएको बजारका व्यवस्थापक शम्भु घिमिरेले बताएका छन् ।

सो क्षेत्रका तरकारी कृषकहरूले पनि यस वर्ष तरकारीको राम्रो व्यापार भइरहेको बताएका छन् । उनीहरूका अनुसार निषेधाज्ञाको समयमा पनि तरकारी नबिक्ला भन्ने चिन्ता लिनुपरेको छैन । लालबन्दी र सो आसपासका क्षेत्रमा उत्पादन भएका तरकारी काठमाडौं, वीरगंज, नारायणघाट, जनकपुर, सिन्धुलीलगायत मुलुकका प्रमुख शहरहरूमा निर्यात हुँदै आएका छन् ।

### "महामारी.....

राष्ट्रहरूबीच र राष्ट्रहरूभित्रै कोभिड-१९ खोपको उत्पादन, वितरण र समतामूलक पहुँच वृद्धि गर्न सबै सम्भावित उपाय मनन गर्न राष्ट्रलाई प्रेरित गर्दछौं ।"

उनले सबै वर्ग, क्षेत्र र समुदायसम्म खोप पुऱ्याउने अभियानमा स्वयंसेवी रेडक्रस तथा रेडक्रिसेन्टकर्मी समुदायका साथ अहोरात्र खटिरहेको जानकारी दिए । उनले भने-"महामारीको अन्त्य हुनु भनेको केवल द्रुततर दरमा धेरै खोप प्राप्त हुनु होइन । खोप प्राप्ति र पूर्ण स्वीकृतिका साथ मानिसको पाखुरामा नपुगुन्जेल आवश्यक पूर्वाधार र मानवीय स्रोतका लागि राष्ट्रले सुनिश्चित गर्नु पनि हो । हामीले पहिले धेरै उदाहरण देखेका छौं । खोप प्राप्तकर्ता देशका तयारीमा लगानीको कमी र मात्रामा ढिलाइको प्रावधानका कारण खोप सङ्कटासन्न समूहमा पुग्नुपूर्व नै म्याद सकिसकेको हुन्छ । समुदाय परिचालनमा धेरै काम गर्नुपर्दछ । अन्यथा खोप लगाउनेमा हुने हिच्किचाहटले कुनै पनि अभियानलाई कमजोर बनाउन सक्छ । खोपको मात्रा प्राप्त भएको राष्ट्रमा हामीले देखेकै कुरा हो-आप्रवासी, सीमान्तकृत वा जातीय अल्पसङ्ख्यकसहित सङ्कटासन्न समुदायको खोपमा समान र सजिलो पहुँच हुन सकेको छैन । समतामूलक खोप नैतिक आवश्यकता हो । सबैजनाले खोप पाउँछन् र सबै ठाउँमा उच्च जोखिमका र सङ्कटासन्न व्यक्तिलाई प्राथमिकता दिइन्छ भन्ने कुरा सुनिश्चित गर्न साझा मानवीय मूल्यमा हामी सबै सँगै आउनुपर्दछ । हामीले कसैलाई पछाडि नछाडी अन्तिम गन्तव्यसम्म पुग्न र कसैलाई छुटाएको छैन भन्ने सुनिश्चित गर्न कडा मेहेनत गरिरहेको छौं ।"

**महामारी नियन्त्रण कानून आवश्यक**

उनका अनुसार देशहरूबीच, विशेष गरी स्वास्थ्य क्षेत्रमा सहकार्य हुन नसक्दा कोभिड-१९ ले विनाशकारी र क्रुर रूप देखायो । समयमा कोभिडसँग सामूहिक रूपमा जुधेको भए यसले 'महामारी'को रूप लिन नसक्ने आइएफआरसीको आकलन छ । आगामी दिनमा यस्तो गल्तीबाट जोगिन 'अन्तर्देशीय महामारी रोकथाम तथा नियन्त्रणसम्बन्धी कानून' तथा घरेलु कानून आवश्यक रहेको उनी औंल्याउँछन् । आइएफआरसीले महामारी कानूनका लागि विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो सभामा पैरवीसमेत गरेको बताइएको छ । महासचिव चापागाईंले भने-"महामारी नियन्त्रण गर्न र सामूहिकरूपमा जुध्न महामारी कानूनले सहयोग गर्छ । एउटा सफल सन्धिले विशेष गरी स्वास्थ्य स्वयंसेवक र अन्यलाई महामारी रोकथाम र पूर्वतयारीमा थप सहयोग गर्छ । साथै घरेलु र अन्तर्राष्ट्रिय लगानीमा प्रोत्साहन र विश्वव्यापी समानतालाई प्रतिबद्धसमेत गर्छ । परीक्षण, खोप र उपचारको पहुँचसहित महामारीबाट सुरक्षित हुन आप्रवासी र शरणार्थीसहित सबैको अधिकारमा जोड दिन्छ । यसले महामारी पूर्वतयारीका लागि अझ राम्रो र समान राष्ट्रिय तथा क्षेत्रीय ढाँचाको आवश्यकतालाई पनि रेखाङ्कित गर्दछ । महामारी समुदायबाटै शुरू हुन्छ र समुदायमैं अन्त्य हुन्छ । यो कुरालाई इबोला महामारीले पुष्टि गरिसकेको छ ।"

आइएफआरसीमा आबद्ध देशीय रेडक्रस र रेडक्रिसेन्ट सोसाइटीमा आबद्ध स्वयंसेवक तथा कर्मचारी कोभिड-१९ प्रतिकार्यमा अग्रपङ्क्तिमा जुटेका छन् । महामारीका समयमा लाखौं मानवीय सहायता, जनस्वास्थ्य र रोकथामका उपाय लिई स्वयंसेवक समुदायमा परिचालन भइरहेका उसले जनाएको छ । उनले भने-"स्वास्थ्य सङ्कटकालमा स्वास्थ्य योजना तयार गर्ने, जानकारी लिने र प्रतिकार्य गर्ने सबै योजना तर्जुमा र कार्यान्वयन प्रयासमा समुदाय केन्द्रमा हुनुपर्दछ । समुदाय नै हो, जसले अन्ततः रोगको विस्तारको अन्त्य गर्नेछ । यसको लागि महामारीले नराम्ररी प्रभाव पार्ने स्थानको जनसङ्ख्याको सहज पहुँच पुऱ्याउन अझ बढी लगानी, प्रशिक्षण, सुरक्षा र सहयोग आवश्यक छ । यो विशेषगरी कमजोर स्वास्थ्य प्रणाली र अपर्याप्त पूर्वाधार भएका देशहरूमा महत्त्वपूर्ण छ । पूर्वतयारी र रोकथाममा सामान्य लगानीले ठूलो प्रतिफल दिन्छ ।"

आइएफआरसीले जलवायु र वातावरण बडापत्र अनुमोदनका लागि पनि जोड दिइरहेको छ । ती दुई क्षेत्रले भविष्यमा मानवीय सङ्कट निम्त्याउने खतरा औंल्याउँदै उसले यसबाट गरीब र सीमान्तकृत समुदायलाई बढी असर पुऱ्याउने जनाएको छ ।

**नेपाललाई सहयोग जारी छ**

कोभिड-१९ को दोस्रो लहरले दक्षिण एशिया बढी प्रभावित बनेको छ । खासगरी नेपाल र भारतमा सङ्क्रमण र मृत्युदर उच्च रह्यो । महासचिव चापागाईंले कोभिडसँग जुधिरहेका नेपाललगायत अन्य देशमा जीवन बचाउन र जोखिममा रहेकालाई पर्याप्त स्वास्थ्य सेवा र खोपको पहुँच पुऱ्याउन सहयोग जारी रहेको जानकारी दिए । उनले भने-"सङ्क्रमण दर केही क्षेत्रमा स्थिर वा कम हुन सक्छ । यद्यपि अस्पतालमा अझै बिरामी धेरै छन् । यसैले आइएफआरसीले नेपाल र भारतसहित सङ्क्रमण दर उच्च रहेका देशमा रेडक्रस र स्वास्थ्यकर्मीसँग सहकार्य गर्दै जीवन बचाउने अक्सिजन उपकरण र अन्य स्वास्थ्य सामग्री आपूर्ति गर्दै आएको छ ।"

नेपाल रेडक्रसका अनुसार आइएफआरसीले कोभिड-१९ को शुरूआती चरणमा कोभिड उपचारका लागि स्वास्थ्य संस्थामा उपकरण तथा स्वास्थ्यकर्मीका क्षमता अभिवृद्धि, स्वास्थ्यकर्मीलाई आवश्यक पर्ने पिपिई, मास्क, स्यानिटाइजर सहयोग गरेको थियो भने पछिल्लो चरणमा अक्सिजन कन्सन्ट्रेटर, अक्सिमिटर, थर्मल गन शव व्यवस्थापनका लागि झोलालगायत सामग्री तथा खोपका लागि समन्वयसमेत गरेको छ ।

महासचिव चापागाईंले महामारी सकिन समय लाग्ने जनाउँदै खोपसहित अन्य स्वास्थ्य सामग्री तथा प्रविधिहरू बाँड्न तथा खोपको समतामूलक पहुँचका लागि विश्वमा सामूहिक प्रयास आवश्यक रहेको औंल्याएका छन् । आफ्नो कार्यकालको १८ महीनाको कसरी मूल्याङ्कन गर्नुहुन्छ भन्ने जिज्ञासामा उनले भने-"कोभिड-१९ महामारीको शुरूआती चरण अर्थात् १ फरवरी २०२० मा मैले आइएफआरसीको महासचिवको कार्यभार लिएँ । विगत १८ महीनालाई फर्केर हेर्दा अहोरात्र कोभिडबाट सङ्कटासन्न समुदायलाई कसरी बचाउने भन्नेमा मैले समय लगाएँ । अहिले पनि यो कार्य जारी छ । मानवीय सेवामा तल्लीन हुन पाउँदा गौरव-बोध भएको छ । चुनौतीका पहाडसँग अहोरात्र जुध्न प्रयासरत छु । महामारीमा अन्तर्राष्ट्रियस्तरका व्यक्ति नखटिकन स्थानीय प्रतिकार्य समूहले कसरी काम गर्न सक्छ भन्ने कुरा वास्तवमा नै विश्वव्यापी परीक्षण भएको छ । रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीमा आबद्ध लाखौं स्वयंसेवीले मानवीय सेवा तथा कोभिड-१९ विरुद्ध प्रतिकार्यलाई निरन्तर जारी राखेका छन् । कोरोनाले हाम्रो आफ्नै अपरेशन पनि गहिरोरूपमा प्रभावित भयो र परीक्षण भयो । हाम्रो कर्मचारी र स्वयंसेवकले काम गर्ने नयाँ तरीका अनुकूलन गर्नुपऱ्यो । घरबाट, भर्चुअल र एक अर्काबाट टाढा भएर काम सम्पादन भए । रेडक्रसकर्मीको कोभिडबाट असामयिक निधनसमेत भयो । डर र त्रासको सामना गर्दै काम गर्दा कतिले परिवारका सदस्य त कतिले नजीकका साथी गुमाए ।"

स्वेच्छा रेडक्रस आन्दोलनको आधारशिला भएको छ । आगामी दिनमा यसको भविष्यलाई कसरी हेर्नुहुन्छ ? भन्ने जिज्ञासामा उनले आफूले नेपाल रेडक्रसको स्वयंसेवकका रूपमा मानवीय सेवा शुरू गरेको बताए । उनले भने-"अरूलाई कसरी सहयोग गर्नुपर्छ मैले सिकेको छु । स्वेच्छालाई प्रोत्साहन गर्नु आवश्यक छ । रेडक्रस अभियान स्वैच्छिक हो । यसको जगका उभिएका स्वयंसेवकको क्षमता अभिवृद्धि तथा स्वयंसेवक बन्न आकर्षित गर्नु जरूरी छ । यो कार्य हामीले गरिरहेका छौं । समुदाय बलियो भए मात्र विपद् तथा महामारीसँग जुध्न सक्दछन् ।"

**को हुन् महासचिव चापागाईं ?**

पाँच दशक अघि चितवन दिव्यनगरमा सामान्य परिवारमा महासचिव चापागाईंको जन्म भएको थियो । आठ दाजुभाइ र दुई दिदीबहिनी भएका परिवारमा उनी हुर्किए । उनले विसं २०३७ मा भरतपुरस्थित बालकुमारी विद्यालयमा अध्ययन गर्दा जुनियर रेडक्रस सर्कल गठन गरी मानवीय सेवाको यात्रा शुरूआत गरेका थिए ।

भारतबाट खानी (माइनिङ) इन्जिनीयरिङमा स्नातक गरी भुटानी शरणार्थी शिविरबाट आइएफआरसी सेवामा प्रवेश गरे । सन् १९९६ जूनमा ताजकिस्तान र सन् २००३ देखि आइएफआरसी दक्षिण एशियामा सञ्चालित सबै मानवीय सहयोगका कार्यक्रम हेर्नेगरी प्रमुखको जिम्मेवारी पाए । सन् २००१ मा भारतको गुजरातमा गएको विनाशकारी भूकम्प, सन् २००४ को श्रीलङ्का, मालदिभ्स र भारतलाई नराम्ररी प्रभावित पारेको सुनामी तथा सन् २००५ मा पाकिस्ताको भूकम्पपछि उद्धार तथा राहतमा उनले नै नेतृत्व प्रदान गरेका थिए ।

साथै चीनको सिचुवानको भूकम्प, म्यान्मा र बङ्गलादेशको आँधी पीडितलाई सहयोग पुऱ्याउन उनले नै नेतृत्व प्रदान गरे । नेपालमा विसं २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पपछि उनी १४ गते काठमाडौं आई अन्तर्राष्ट्रिय मानवीय सहयोगको समन्वयसमेत गरे । नेपाल रेडक्रसको इतिहासमा पहिलोपटक दातृ सम्मेलन आयोजना गरी पुनःनिर्माण शुरूआतसमेत भएको थियो । आइएफआरसीको सेक्रेटरी काउन्सिलले उनलाई सन् २०१५ जुलाईमा निर्देशक नियुक्त गरेको थियो । हाल आइएफआरसीको अध्यक्षमा फ्रान्सेस्को रोक्का छन् ।

हेनरी ड्युनाले सन् १८६३ मा युद्धका पीडाले छटपटाइरहेकालाई स्वस्फूर्त सेवा प्रदान गर्न रेडक्रस स्थापना गरेका थिए । युद्ध र युद्धका परिणाम, प्राकृतिक तथा मानवसिर्जित विपद्, विपद्ले सिर्जना गरेको असर, गरीबी, भोकमरी, विषमता न्यूनीकरण, सङ्कटासन्न समुदायलाई उत्थानशील बनाउनेलगायत क्षेत्रमा आइएफआरसीले मानवीय सहायता प्रदान गर्दछ । सात लाखभन्दा बढी कर्मचारी र झन्डै दुई करोड स्वयंसेवकको माध्यमबाट करीब एक अर्ब जनसङ्ख्यामा बर्सेनि मानवीय सहायता पुऱ्याइरहेको छ ।

# वीरगंजमा विद्यार्थी सङ्गठनद्वारा प्रदर्शन

प्रस, वीरगंज, १६ असार/

पाँच विद्यार्थी सङ्गठनको आयोजनामा बुधवार देशव्यापीरूपमा संसद् विघटनविरुद्ध गरिएको प्रदर्शन वीरगंजमा पनि भएको छ।

संयुक्त विद्यार्थी सङ्गठनमा आबद्ध पाँचवटा विद्यार्थी सङ्गठनले वीरगंजको घण्टाघर, मीनाबजार, महावीरस्थान, माईस्थान, गीतामन्दिर रोडबाट प्रदर्शन गरेका थिए। सो क्रममा विद्यार्थीहरूले राष्ट्रपति र प्रधानमन्त्रीको पुतला दहन गरे। पुतला दहनमा प्रहरीले हस्तक्षेप गरेको थियो। सो क्रममा दुईजना विद्यार्थी घाइते भएको अखिलका प्रभाकर गुप्ताले बताए।



तस्वीरः प्रतीक

# शिक्षक महासङ्घको आन्दोलन अन्तर्गत श्रद्धाञ्जली सभा र अन्तर्क्रिया

प्रस, वीरगंज, १६ असार/

नेपाल शिक्षक महासङ्घ पर्साले कोरोना सङ्क्रमणको कारण ज्यान गुमाएका शिक्षक, विद्यालय कर्मचारी तथा विद्यार्थीहरूको आत्मा शान्तिको कामना गर्दै दीप प्रज्वलन गरेको छ।

नेपाल शिक्षक महासङ्घ केन्द्रीय आन्दोलन परिचालन समितिले तय गरेको चौथो चरणको कार्यक्रम अनुसार मङ्गलवार साँझ घण्टाघरमा कार्यक्रम सम्पन्न भएको हो। खोप र उपचार नपाएकै कारण कोभिड महामारीले हालसम्म दुई सयजनाभन्दा बढी शिक्षक तथा कर्मचारीहरूको ज्यान लिइसकेको भन्दै महासङ्घ आन्दोलित छ। दिवङ्गतहरूप्रति श्रद्धाञ्जलिसँगै पहिलो चरणको आन्दोलनको कार्यक्रम सुरुआत भएको महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादवले बताए।

श्रद्धाञ्जलिसभामा महासङ्घका केन्द्रीय सदस्य छोटेलाल प्रसाद, लोकतान्त्रिक शिक्षक युनियनका केन्द्रीय अध्यक्ष अतुलकुमार लाललगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा शिक्षक सम्बद्ध विभिन्न सङ्घ/संस्थाका पदाधिकारीहरूको सहभागिता थियो।

कोरोनाविरुद्ध खोपको व्यवस्था नगरी सरकारले जबरजस्ती जोखिममा धकेलेर




तस्वीरः प्रतीक

शिक्षक, कर्मचारी र विद्यार्थीको ज्यान गएको भन्दै शिक्षक महासङ्घले आन्दोलन थालनी गरेको हो।

विद्यालय सञ्चानल गर्नुभन्दा पहिले शिक्षक/विद्यार्थीलाई खोपको व्यवस्था गर्नुपर्ने, ज्यान गुमाएकाहरूको परिवारजनलाई उचित राहत उपलब्ध गराउनुपर्ने एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन पर्साका सचिव शुकनारायण श्रेष्ठले जानकारी गराए।

यसैबीच, बुधवार साँझ महासङ्घले अन्तर्क्रिया सम्पन्न गरेको छ। महासङ्घले तय गरेको आन्दोलनको केन्द्रीय कार्यक्रम अनुसार भर्चुअल अन्तर्क्रिया आयोजना गरिएको हो। 'कोरोना खोप उपलब्ध गराउन शिक्षकको माग र आगामी आन्दोलनका कार्यक्रम' विषयक अन्तर्क्रियाका सहभागीहरूले कोरोना सङ्क्रमणको सबैभन्दा संवेदनशील क्षेत्र विद्यालय भएको भन्दै यसतर्फ सरकार उदासीन रहेको आरोप लगाए।

विद्यालयमा धेरै ठाउँका बालबालिका भेला हुने र सोमध्ये कुनै न कुनै स्थानबाट कोरोना भाइरस आउन सक्ने थाहा भएको र कोरोनाको दोस्रो भेरियन्टको वाहक नै विद्यालय क्षेत्र भन्ने पुष्टि भइसकेको भन्दै वक्ताहरूले तेस्रो भेरियन्ट दोस्रोभन्दा पनि खतरा हुन सक्ने हुँदा खोपपछि मात्रै विद्यालय सञ्चालन गर्नुपर्ने बताए। विद्यालय क्षेत्रको मागलाई बेवास्ता गरे अभिभावकलाई समेत आन्दोलनमा लिएर जाने उनीहरूले चेतावनी दिए।

महासङ्घ पर्साका अध्यक्ष यादवको अध्यक्षतामा भएको भर्चुअल अन्तर्क्रियामा महासङ्घका जिल्ला तथा केन्द्रीय पदाधिकारी अगुवा शिक्षकहरूको सहभागिता थियो।

# नारायणी अस्पतालमा बहिरङ्ग सेवाको तयारी

प्रस, वीरगंज, १६ असार/

वीरगंजमा कोरोना सङ्क्रमण नियन्त्रणमा उन्मुख देखिएपछि नारायणी अस्पतालमा बहिरङ्गसहितको अन्य सेवा शुरू हुने भएको छ। असार १८ गते शुक्रवारदेखि ओपिडी सेवासहित अन्य सेवा सञ्चालन गरिने नारायणी अस्पतालका निमित्त मेसु डा वीरेन्द्र प्रधानले जानकारी गराएका छन्।

उनले विज्ञप्ति जारी गर्दै बिहान ९ देखि ११ बजेसम्म ओपिडी टिकट काटिने र प्रारम्भिक चरणमा दैनिक २५ जना बिरामीलाई चेकजाँच गरिने जानकारी गराए। अस्पतालले अन्य विशेषज्ञ सेवामा हाडजोनी, मुटुरोग, बालरोग, स्त्री तथा प्रसूति, नाक, कान, घाँटी, मेडिसिनलगायत सेवा प्रदान गर्ने जनाइएको छ।

# तीन थान निडिल कटर सहयोग

प्रस, वीरगंज, १६ असार/

रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसले रक्तसञ्चार केन्द्र वीरगंजलाई तीन थान निडिल कटर सहयोग गरेको छ।



तस्वीरः सौजन्य

क्लबका प्रोजेक्ट डाइरेक्टर अनिल जायसवाल र सदस्य गोकुल बस्नेतले रक्तसञ्चार केन्द्रकी संयोजक मधु राणालाई निडिल कटर हस्तान्तरण गरेको रेडक्रसका सहायक राजन श्रीवास्तवले बताए।

कार्यक्रममा रेडक्रसका कार्यवाहक मन्त्री साबिर अहमद एराज, रक्तसञ्चार केन्द्रका प्राविधिक सौरभराज पाण्डेलगायतको सहभागिता थियो।

निडिल कटर रक्त सङ्कलनको क्रममा ब्यागमा प्रयोग गरिन्छ। सोको अभावमा अहिलेसम्म प्राविधिकले जोखिम उठाउँदै आएका थिए।

# कलैया अस्पताललाई अक्सिजन कन्सेन्ट्रेटर प्रदान

प्रस, बारा, असार १६/

एक्सपर्ट एजुकेशन एन्ड भिसा सर्भिसेज प्रालिले बाराको कलैया अस्पताललाई एक थान अक्सिजन कन्सेन्ट्रेटर प्रदान गरेको छ। वीरगंज शाखाका प्रबन्धक दीपक महर्जनले कलैया अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा गौरव महतोलाई बुधवार अक्सिजन कन्सेन्ट्रेटर हस्तान्तरण गरेका हुन्।

एक लाख मूल्यबराबरको १० लिटर क्षमताको अक्सिजन कन्सेन्ट्रेटर सहयोगस्वरूप प्रदान गरिएको नेपाल पत्रकार महासङ्घका केन्द्रीय परिषद् सदस्य विजय कुशवाहाले जानकारी गराए।

उक्त प्रालि एक्सपर्ट फाउन्डेशनमार्फत विभिन्न सरकारी निकायको सहकार्यमा कोभिड-१९ प्रभावित क्षेत्रमा सहयोग गर्दै आएको छ। कलैया अस्पतालमा पनि नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहकार्यमा सहयोग गरिएको हो।

उक्त संस्थाले अध्ययन तथा वैदेशिक




रोजगारको क्रममा अस्ट्रेलियामा रहेका नेपाली विद्यार्थीहरूलाई विभिन्न राहत प्याकेजहरू वितरण गरेको संस्थाका वीरगंज शाखा प्रबन्धक महर्जनले बताए।

सो अवसरमा कलैया अस्पतालका निमित्त मेसु महतोले प्राप्त स्वास्थ्य उपकरणले अस्पतालमा बिरामीको उपचार गर्न ठूलो टेवा पुग्ने भन्दै संस्थालाई धन्यवाद ज्ञापन गरे।

# काङ्ग्रेस नेता कुर्मीको निधन

प्रस, वीरगंज, १६ असार/

नेपाली काङ्ग्रेस कालिकामाई गाउँपालिका समितिका संयोजक राजेन्द्रकुमार कुर्मीको निधन भएको छ।

सो पालिकाको मुडली निवासी कुर्मीको ६८ वर्षको उमेरमा उपचारको क्रममा भारतको मुम्बईमा निधन भएको हो। उनको पार्थिव शरीरलाई बुधवार मुर्लीस्थित आफ्नै जमीनमा दाहसंस्कार गरिएको नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति पर्साका सदस्य नवीन सिंहले जानकारी गराएका छन्।

स्व कुर्मी तत्कालीन मुडली गाविसको अध्यक्ष पदमा दुईपटक निर्वाचित भएका थिए।

पछिल्लोपटक उनी जनता मावि मुडलीका व्यवस्थापन समितिका अध्यक्षलगायत विभिन्न सामाजिक पदमा रही क्रियाशील थिए।



स्व कुर्मीलाई श्रद्धाञ्जलि अर्पण गर्न नेपाली काङ्ग्रेसका केन्द्रीय नेता तथा पूर्वमन्त्री अजय द्विवेदी, सुरेन्द्रप्रसाद चौधरी, प्रदेश सांसद शङ्कर चौधरी, पूर्व जिल्ला सचिव वृहस्पतिकृष्ण श्रेष्ठलगायत मुडली पुगेका थिए।

सो पार्टीका केन्द्रीय सदस्य रमेश रिजालले विज्ञप्ति प्रकाशित गरी अग्रज नेता कुर्मीको निधनले पार्टी र समाजलाई अपूरणीय क्षति भएको बताए।

# सर्पदंश र दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, वीरगंज, १६ असार/

सर्पदंशबाट बारामा एकजना युवकको मृत्यु भएको छ।

मकवानपुर, हेटौंडा-१५ भोर्ले घर भई निजगढ-१३ डमरापुरस्थित मामाघर बस्दै आएका २० वर्षीय सरोज बमजनको मृत्यु भएको हो। सुतिरहेको अवस्थामा उनको कानमा बुधवार बिहान सर्पले टोकेको थियो। सर्पले टोकेपछि बमजनलाई प्राथमिक स्वास्थ्य केन्द्र निजगढ लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

यसैगरी, जीतपुरसिमरा उपमहानगरपालिका-७ का २२ वर्षीय राजन श्रेष्ठको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ। वीरगंजबाट पथलैयातर्फ गइरहेको बा-०३-००१ ख ११२७ नम्बरको ट्रकले पैदल हिंडिरहेका श्रेष्ठलाई मङ्गलवार राति ९ बजे ठक्कर दिएको र उपचारको लागि अस्पताल लैजाने क्रममा बाटोमैं मृत्यु भएको बाराका प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी गराए।

# ७५ किलो गाँजासहित एकजना पक्राउ

प्रस, सिम्रौनगढ, १६ असार/

भारतको सीमा सुरक्षा बलले ७५ किलो गाँजासहित एकजनालाई पक्राउ गरेको छ। सीमावर्ती भारतको कोरैयास्थित सिसुबले सिम्रौनगढ नगरपालिका खजानी निवासी ५२ वर्षीय सोनालाल प्रसादलाई ७५ किलो गाँजासहित पक्राउ गरेको घोडासहनबाट राहुल कुमारले बताए।

सूचनाको आधारमा सोनाललालाई महुवा थाना क्षेत्रको कुर्मिनियाबाट पक्राउ गरिएको हो।

**ठोरीको................**

यसैगरी, पर्साको धोबिनी गाउँपालिकाको हरिहरपुर, बखरी, लङ्गडी, आसवारी, जगरनाथपुर गापाको मधुवाहा, झाखरा मसियानी, मसियानी, छिपहरमाईको भिस्वा, जयमङ्गलापुर, झलमहिया, मिर्जापुर, बघमरी, टिहुकी, बुढगाई, भलुवहियालगायतका गाउँ डुबानमा परेका छन्।

प्रदेश २ सरकारले निर्माण गरिरहेको लङ्गडी-मिर्जापुर तथा सबैठवा-भिस्वा हुँदै मिर्जापुर जोड्ने रिङरोडका अधिकांश भाग कटान भएको छ। उक्त सडक कालोपत्रे हुने तयारीमा थियो। बाढीले ग्रामीण भेगको विद्युत् सेवा तथा धानबाली लगाउन पनि समस्या थपेको छ। डुबानले धानको बेर्नामा हिलो जम्दा तथा रोपाइँ भएका खेतहरू जलमग्न भएका छन्।

वीरगंज महानगरको वडा नं २८ देखि ३२ वडा पनि डुबानमा परेका छन्।

**विद्यालय.......**

विसङ्क्रमित गर्ने, हात धुनको लागि साबुन-पानीको व्यवस्थापन गर्न छुट्टै बजेट नभएकोले स्थानीय पालिकाले सोसम्बन्धी व्यवस्थापन गरेर विद्यालय सञ्चालन गर्नुपर्ने उनको भनाइ छ।

यसैगरी, सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढी भएको र केही निजी विद्यालयमा पनि सोही अवस्था भएकोले विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयले दुई चरणमा विद्यालय सञ्चालन गर्नुपर्ने उनको भनाइ छ। वीरगंज महानगरपालिकाले विद्यालय सञ्चालनको लागि सूचना जारी गरेपछि नेपाल शिक्षक सङ्घले शिक्षकहरूलाई कोभिडविरुद्ध खोप लगाएर मात्र विद्यालय सञ्चालन गर्नुपर्ने तर्क राखेको छ। शिक्षकहरू अग्रपङ्क्तिमा रहेर काम गर्ने भएकाले उनीहरूबाट विद्यार्थीहरूमा सङ्क्रमण फैलिन नदिनका लागि खोप लगाउनुपर्ने शिक्षा पत्रकार दास बताउँछन्।

वीरगंज महानगर र पर्सा जिल्लाका केही पालिकामा इन्टरनेट सेवा भएपनि अधिकांश ठाउँका विद्यार्थी इन्टरनेट सेवाबाट पनि वञ्चित भएकाले अनलाइन शिक्षा पर्सामा प्रभावकारी देखिएको छैन। निजी विद्यालयका विद्यार्थीहरूले अनलाइनमा अध्ययन गरे पनि सबैले यो सेवा उपभोग गर्न सकेका छैनन्। महानगरमा यो अवस्था छ भने ग्रामीण क्षेत्रमा र त्यसमा पनि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू अनलाइन शिक्षाबाट पूर्णरूपमा वञ्चित छन्। विद्यालय बन्द भएपछि ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू अहिले धान रोपाइँ, तरकारी बेच्ने, घरमा भाइबहिनीलाई हेर्ने, पशु चराउनेजस्ता कार्यमा संलग्न छन्। उनीहरूले पढाइ बिर्सिसकेको अवस्था छ।

**प्रस, सेढवा/**

नेपाल शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठले असार १ गतेदेखि विद्यालयको प्रशासनिक कामकाजका लागि विद्यालय सञ्चालनमा आइसकेको बताए। उनले विद्यालयमा शिक्षक, कर्मचारीहरू उपस्थित भई परीक्षा प्रकाशन, विद्यार्थी भर्ना, पाठ्यपुस्तक वितरण तथा छात्रवृत्ति वितरणका लागि आवश्यक कामकाज भइरहेको बताए। सरकारले विद्यालयमा विद्यार्थी उपस्थित गराइ पठनपाठनका लागि निर्देशन नदिएसम्म विद्यालय नखोल्ने उनको भनाइ छ।

पटेर्वासुगौली गाउँपालिका शिक्षा शाखाका प्रमुख शम्भु साहले पाठ्यपुस्तक वितरणका लागि सम्पूर्ण विद्यालयका प्रधानाध्यापकलाई निर्देशन दिएको बताए। उनले असार २५ गते विद्यालय सञ्चालनका लागि तैयारी भइरहेको जानकारी गराएका छन्।

जीराभवानी गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले प्रशासनिक कामकाजका लागि विद्यालय सञ्चालनमा रहेको र सङ्घीय सरकारको विज्ञान, शिक्षा तथा खेलकूद मन्त्रालयको निर्देशनको पर्खाइमा रहेको बताए। मन्त्रालयले विद्यालय खोल्न निर्देशन नदिएको खण्डमा मात्र साउनको दोस्रो सातामा नेपाल शिक्षक महासङ्घ, शिक्षक अभिभावक सङ्घ तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरी विद्यालय खोलिने उनले बताए।

**वीरगंजमा ..........**

महिला मात्र सम्मानित हुँदै आएकोमा वडापालिकाले उदाहरणीय काम गरेको बताए। १८ जना एकल पुरूषलाई नगद, फूलमालासहित सम्मानित गरिएको थियो। कार्यक्रममा वीरगंज पब्लिक कलेजका निर्देशक डा दीपक शाक्य, एमाले पर्साका अध्यक्ष प्रभु हजरालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण वंशीधर गुप्ताले गरेका थिए।

